स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड

## बाईसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण
(माइन्यूट)

१. **वैधानिक सभा :**

स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८० मंसिर १२ गते बसेको संचालक समितिको ४२०औं बैठकको निर्णय अनुसार संस्थाको २२औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ र वित्तीय संस्थाको नियमावली बमोजिम संचालक समितिका अध्यक्ष डा. सुमित्रा मानन्धर गुरुङकाज्यूको सभापतित्वमा देहायको मिति, समय र स्थानमा बसी निम्नानुसारका विषयहरु उपर छलफल भई देहाय बमोजिमका निर्णय पारित गरी सम्पन्न भयो ।

२. **सभा भएको मिति, समय र स्थान :**

मिति : वि.सं. २०८० साल पौष ०४ गते **बुधबार** (तदनुसार **२० डिसेम्बर २०२३**) ।

समय : बिहान **११:००** बजे ।

स्थान : **अम्रपाली व्यान्क्वेट क्याटेरिङ्ग एण्ड इभेण्ट्स, बालुवाटार मार्ग, काठमाडौं** ।

३. **सभाको सूचना प्रकाशन :**

कम्पनी ऐन, २०६३ को दफा ६७ र वित्तीय संस्थाको नियमावलीको नियम ४ बमोजिम २२औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी तथा सूचना पठाउनुका साथै मिति २०८०/०८/१३ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिक तथा संस्थाको आधिकारिक वेभसाईटमा र २०८०/०८/२१ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा सभा हुने मिति, समय, स्थान र छलफल हुने विषय समेतको सूचना सेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **छलफलका विषयहरु :**

(अ) **सामान्य प्रस्तावहरु :**

(१) यस वित्तीय संस्थाको २२औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व.२०७९/८०को **संचालक समितिको प्रतिवेदन** उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण छलफल गरी पारित गर्ने ।

(३) आ.व. २०७९/८० सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्तापुँजीको ०.६५०५% ले हुन आउने रकम रु.८३,९४,९७४/-(**अक्षरेपी त्रीयासी लाख चौरानब्बे हजार नौ सय चौहत्तर**) नगद लाभांश (बोनस शेयरको करको लागि) शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) अनुसार आ.व. २०७९/८० का लागि नियुक्त बहालवाला वाह्य लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्स्, पुल्चोक, ललितपुर समेत आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्नको लागि नियुक्त हुन योग्य रहेको) ।

(५) संस्थाको संचालक समितिमा सर्वसाधारण शेयरधनीका तर्फबाट निर्वाचित १ जना संचालकको कार्यकाल आगामी २०८० पौष २० गते समाप्त हुने हुँदा उक्त स्थानमा नयाँ संचालकको निर्वाचन गर्ने ।

आ) **विशेष प्रस्ताव :**

(१) नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७९/८० सम्मको मुनाफाबाट चुक्ता पुँजी रु. १,२९,०४,९५,५००/-को १२.३५९९% ले हुने रकम रु.१५,९५,०४,५००/- (**अक्षरेपी पन्ध्र करोड पन्चानब्बे लाख चार हजार पाँच सय रुपैया मात्र**) बराबरको १५ लाख ९५ हजार ४५ कित्ता **बोनस शेयर** शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी जारी गर्ने ।

(२) हालको जारी तथा चुक्ता पुँजी रु. १,२९,०४,९५,५००/- मा उपरोक्त बमोजिमको बोनस शेयर जारी गरेर जारी तथा चुक्ता पुँजी रु. १,४५,००,००,०००/-कायम गर्ने ।

(३) प्रबन्धपत्रको दफा २, ५(ख) र ५(ग) निम्न अनुसारले संशोधन गर्ने : प्रबन्धपत्रको ५(ख) (जारी पुँजी), र ५ (ग) (चुक्ता पूँजी) संलग्न तिन महले **अनुसूची १** अनुसार हुने गरी संशोधन गर्ने ।

(४) प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(५) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (merger/acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

५. उपस्थिति :

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु:

| | | |
|---|---|---|
| १. | डा. सुमित्रा मानन्धर गरूङ | अध्यक्ष |
| २. | विष्णु प्रसाद त्रिपाठी | सदस्य |
| ३. | सतिश राज जोशी | सदस्य |
| ४. | राम प्रसाद पाण्डे | सदस्य |
| ५. | उमा जोशी बोहरा | सदस्य |
| ६. | सतिश कुमार श्रेष्ठ | सदस्य |
| ७. | मेख बहादुर थापा ठाडा | सदस्य |

५.२ वित्तीय संस्थाका पदाधिकारीहरु :

| | | |
|---|---|---|
| १. | नरेन्द्र सिंह बिष्ट | प्रमुख कार्यकारी अधिकृत |
| २. | गोविन्द चापागाईं | नायव महाप्रबन्धक/कम्पनी सचिव |

(उपरोक्त सहित अन्य ३८ जना कर्मचारी उपस्थित रहेको)

५.३ शेयरधनीहरुको उपस्थिति

जम्मा उपस्थित शेयरधनी संख्या : ६१७

६. **गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप) :**

| विवरण | कूल संख्या | उपस्थिति | | | प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | | स्वयम् | प्रतिनिधि मार्फत | कुल | |
| **शेयरधनी संख्या** | १८,८८४ | ४५१ | १६६ | ६१७ | ७१.७१ प्रतिशत |
| **शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता** | १,२९,०४,९५५ | ७६,११,७४३.८९ | १६,४२,७३३.२३ | ९२,५४,४७७.१२ | |

७. **सभाको बैधानिकता र सभाको सभापतित्व :**

७.१ कम्पनी ऐन, २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनुपर्ने प्रावधान रहेकोमा वित्तीय संस्थाको यस वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या **६१७** भएको र कूल बाँडफाँड भएको शेयरको **७१.७१** प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या तथा प्रतिनिधित्व पुगेकोले प्रचलित कानून बमोजिम सभा बैधानिक भएको जानकारी कम्पनी सचिव गोविन्द चापागाईले गराउनुभयो ।

७.२ वित्तीय संस्थाको नियमावलीको नियम ६ को उपनियम (१) मा व्यवस्था भए बमोजिम संचालक समितिका अध्यक्ष डा. सुमित्रा मानन्धर गरूडज्यूको सभापतित्वमा सभा सुरु गरियो ।

७.३ त्यसपछि वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत नरेन्द्र सिंह बिष्टले वित्तीय संस्थाको वर्तमान अवस्थाबारेमा प्रकाश पार्दै उपस्थित महानुभावहरुलाई स्वागत गर्नुभयो ।

८. **बाईसौं वार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन प्रस्तुति र छलफल :**

सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलका विषयसूचीहरु अनुसार आ.व. २०७९/८० को संचालक समितिको वार्षिक प्रतिवेदन सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो । सभापतिज्यूले सो प्रतिवेदन प्रस्तुत गरिसकेपछि यस सम्बन्धमा आ-आफ्ना विचार, जिज्ञासा, सुझाव, प्रश्न तथा प्रतिक्रिया भएमा जानकारी गराउन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो । उपस्थित शेयरधनीहरुमध्ये निम्न शेयरधनीहरुबाट निम्न अनुसार सुझाव तथा प्रतिक्रिया प्राप्त भए ।

**१. उद्धव घिमिरे(सर्वसाधारण शेयरधनी) :**

सभामा आफ्नो धारणा राख्दै सर्वसाधारण शेयरधनी श्री **उद्धव घिमिरेले** साधारण सभा तोकिएको समय भन्दा केही मिनेट पछाडि सुरु भएकोमा गुनासो गर्नु भयो र समय व्यवस्थापनमा आयोजकले ध्यान दिनु पर्ने धारणा राख्नु भयो । त्यसरी नै केन्द्रीय कार्यालयको आफ्नै कर्पोरेट भवन नभएकोले यथाशीघ्र बनाउन सुझाव दिनु भयो । नगद तथा बोनस सहित १३.०१ प्रतिशत लाभांश दिएकोमा संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिँदै संस्थाको चुक्ता पुँजी १ अर्ब ४५ करोड पुग्नु राम्रो पक्ष भएको तर वित्तीय संस्थाको सेवा ग्रामीण स्तरमा अझै पुग्न नसकेको तथा थप बचतका प्रकार विकास गरी सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्ने विचार व्यक्त गर्नु भयो । वासलात प्रकाशन गर्नु अगाडि लेखापरीक्षक लगायतले राम्रोसंग सम्पादन गरेर प्रकाशन गर्नुपर्ने र जनशक्ति व्यवस्थापन तथा व्यवस्थापन नीति चुस्त दुरुस्त बनाउन सुझाव दिनु भयो । उहाँले राम्रो तथा उदाहरणीय काम गरेर अन्तरराष्ट्रिय अवार्डहरु प्राप्त गर्न पहल गर्नुपर्ने बताउदै संस्थाको खुद नाफा (Total Income) र Financioal Indicators राम्रो बनाउदै जानु सुझाव दिनु भयो र निर्वाचित हुने संचालकलाई अग्रिम रुपमा सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो ।

२. ब्रह्म देव शाक्य (सर्वसाधारण शेयरधनी) :

सर्वसाधारण शेयरधनीको तर्फबाट सभामा आफ्नो धारणा राख्दै श्री **ब्रह्म देव शाक्यले** लघुवित्तको प्रस्तुत वार्षिक प्रतिवेदन यथार्थपरक तथा सत्य र तथ्यमा आधारित रहेको तर मानवीय पूँजीको श्रोत कर्मचारी तथा ग्राहक सदस्यहरुले संस्था छोड्ने क्रम सुखद नरहेको बताउनु भयो । वित्तीय संस्थाले अन्य संस्थाको तुलनामा लघुवित्तको मर्म र धर्म अनुसार काम गरिरहेको र १२ प्रतिशत भन्दा वढी बोनस सेयर दिएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । मुलुकमा लघुवित्त संस्थाहरु धेरै भएकोले अस्वस्थ प्रतिस्पर्धा बढेको कारण मर्जर र एक्विजिसनबाट यसको समाधान गनुपर्नेमा जोड दिनु भयो । संस्थाको उन्नति र प्रगतिका लागि काम गर्ने संचालक समिति र कर्मचारीलाई धन्यवाद दिँदै नयाँ निर्वाचित हुने संचालकलाई अग्रीम बधाई दिनु भयो ।

३. निरुपमा गुप्ता, (सर्वसाधारण शेयरधनी) :

संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर आफ्नो मन्तव्य राख्दै शेयरधनी श्री **निरुपमा गुप्ताले** वित्तीय संस्थाको चुक्ता पुँजी रु.१ अर्व २९ करोड ४ लाख ९५ हजार ५सयबाट १ अर्व ४५ करोड पुग्नु राम्रो पक्ष रहेको तथा Net Profit, Surplus / Reserve राम्रो हुनु सुखद् रहेको धारणा व्यक्त गर्नु भयो । संस्थाको NPL बढ्दै गएको देखिन्छ, यसलाई विवेकपूर्ण तरिकाले काम गरी घटाउँदै जानुपर्ने सुझाव दिनु भयो । प्रस्तावित लाभांश बोनस १२.३५९९ प्रतिशत र नगद लाभांश ०.६५०५ प्रतिशतका लागि आभार प्रकट गर्नु भयो । उहाँले स्वावलम्बनलाई उत्कृष्ट लघुवित्त ठानेको तर संस्थाको खर्च बढ्दै गएको देखिएकोले यसमा ध्यान दिनुपर्ने तथा समयसापेक्ष खर्च बढ्नु नराम्रो पक्ष होइन तर मितव्ययीता अपनाउदै जानुपर्ने बताउँदै संस्थाको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्नु भयो ।

४.सुदिप श्रेष्ठ, (सर्वसाधारण शेयरधनी) :

शेयरधनी श्री सुदिप श्रेष्ठले अन्य संस्थाले एकल विन्दुमा बोनस दिएकोमा यस संस्थाले दोहोरो विन्दुमा वोनस दिनु राम्रो पक्ष भएको धारणा राख्नु भयो । संस्थाको निस्कृय कर्जा बढ्दो रुपमा रहेकाले निस्कृय कर्जा घटाउन सम्वन्धित निकायलाई अनुरोध गर्नु भयो । संस्थाले नेपालको ७७ वटै जिल्लामा सेवा विस्तार गर्नु पर्ने र संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट भएको खर्चको सही सदुपयोग भए नभएको अनुगमन गर्न विशेष ध्यान दिन सुझाव दिँदै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

५. शत्रुघन श्रेष्ठ, (सर्वसाधारण शेयरधनी) :

सभामा आफ्नो धारणा राख्दै सर्वसाधारण शेयरधनी श्री शत्रुघन श्रेष्ठले ग्रामीण क्षेत्रमा छरिएर रहेका बर्गको उत्थानको लागि खोलिएको स्वावलम्बन लघुवित्तले २२ वर्षको दौरानमा सेयरधनीलाई राम्रो प्रतिफल दिँदै आएकोमा संस्था प्रति आभार प्रकट गर्नु भयो । ग्रामीण भेगमा अत्यावश्यक बैंकिङ प्रणाली लघुवित्तलाई हाल मिटरव्याजी भनी अनर्थ लगाएर बदनाम गर्न खोजिएको तथा नेपाल राष्ट्र बैंकले धेरै संस्थालाई लघुवित्त संचालन गर्न अनुमति दिनु र हाल आएर मर्जर र एक्विजिसनका लागि दवाव दिनु नीतिगत त्रुटि रहेको धारणा राख्नु भयो । **"लघुवित्त अर्थतन्त्र उकास्ने अस्त्र हो, यो मिटरव्याजी होइन"** भन्ने सन्देश दिन सक्नुपर्ने बताउनु भयो । यस सभामा प्रस्तावित लाभांश हालसम्मको सबभन्दा कम लाभांश भएको र निस्कृय कर्जा घटाएर आगामी दिनमा राम्रो गर्दै जान सुझाव दिनु भयो । त्यसरी नै संस्थालाई दीगो र डिजिटल बनाउँदै लैजानु आजको आवश्यकता भएको र प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी सरलीकृत वित्तीय सेवा दिन कामकाज कम्प्यूटराइज गर्दै लैजानु पर्ने तथा कर्मचारीलाई Banking Technology सहितको तालिम प्रदान गर्नुपर्नेमा जोड दिनु भयो । वित्तीय संस्थामा बैंकिङ सुशासन सदा सर्वदा कायम गर्न संचालक समितिलाई आग्रह गर्दै वित्तीय संस्थालाई नम्बर वान लघुवित्त बनाई उच्चतम बोनस दिनुहुनेछ भन्ने अपेक्षाका साथ संस्थाको प्रगतिका लागि शुभकामना व्यक्त गर्नु भयो ।

शेयरधनीहरुले व्यक्त गर्नुभएका सुझाव तथा प्रतिक्रिया सम्बन्धमा सभापतिज्यूले धन्यवाद दिँदै उहाँहरुको जिज्ञासाहरुको जवाफ दिनुभयो ।

९. सभामा प्रस्तुत प्रस्तावहरु तथा सो सम्बन्धमा गरिएका निर्णयहरु :

(१) **विषय सूची –(अ) (१) : संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७९/८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

संचालक समितिको तर्फबाट अध्यक्ष डा. सुमित्रा मानन्धर गरूडज्यूद्वारा प्रस्तुत संचालक समितिको वार्षिक प्रतिवेदन २०७९/८० सभामा छलफल भई सर्वसम्मतिले पारित गरियो ।

(२) **विषय सूची –(अ) (२) : लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

सभापतिज्यूले पेस गर्नु भएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण र सम्वद्ध अनुसूचीहरू समेत छलफल गरी सभाबाट सर्वसम्मतिले पारित गरियो ।

(३) **विषय सूची –(अ) (३) : आ.व. २०७८/७९ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्ता पूँजीको** ०.६५०५% ले हुन आउने रकम रु.८३,९४,९७४/-(**अक्षरेपी त्रीयासी लाख चौरानब्बे हजार नौ सय चौहत्तर**) नगद लाभांश (बोनस शेयरको करको लागि)**शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने सम्बन्धमा ।**

संचालक समितिले सिफारिस गरे बमोजिम शेयरधनीहरुलाई वितरण गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृत भएको **चुक्ता पूँजीको** ०.६५०५% ले हुन आउने रकम रु.८३,९४,९७४/-(**अक्षरेपी त्रीयासी लाख चौरानब्बे हजार नौ सय चौहत्तर**) नगद लाभांश (बोनस शेयरको करको लागि) रकम शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने प्रस्ताव सभापतिज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सो नगद लाभांश बोनश शेयर जारी गर्दा लाग्ने कर कट्टा गर्ने गरी यस साधारण सभाको लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

(४) **विषय सूची –(अ) (४) : बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।**

वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव अन्तर्गत लेखापरीक्षण समितिबाट आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्नको लागि **श्री सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स पुल्चौक, ललितपुरलाई** लेखापरीक्षक नियुक्त गर्न र वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन तयारी तथा संस्थालाई आवश्यक पर्ने अन्य प्रतिवेदन, Nepal Financial Reporting Standards (NFRS) बमोजिमको अडिट रिपोर्ट लगायत आवश्यक भएमा अंग्रेजी भाषामा समेत उपलब्ध गराउने कार्यको लागि कर बाहेक रु. ५,५०,०००/-(अक्षरेपी पाँच लाख पचास हजार मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) र लेखापरीक्षण कार्यको लागि काठमाडौं उपत्यका बाहेकका फिल्ड कार्यालयहरुको भ्रमण गरेमा दैनिक तथा भ्रमण भत्ता उक्त कम्पनीले पेश गरेको आशयपत्र बमोजिम उपलब्ध गराउन सिफारिस भई आएको व्यहोरा जानकारी गराउदै स्वीकृतिका लागि सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव स्वीकृत गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

(५) **विषय सूची –(अ) (५) : सर्वसाधारण शेयरधनीहरुको तर्फबाट एक जना संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।**

यस वित्तीय संस्थामा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने **एक जना संचालकको पदावधी सकिन लागेकाले उक्त संचालक पदको पदपूर्तिका लागि निर्वाचन गर्न वित्तीय संस्थाको तर्फबाट अधिवक्ता श्री श्याम कुमार खत्रीलाई निर्वाचन अधिकृत पदमा नियुक्त गरी निजलाई निर्वाचनको सम्पूर्ण जिम्मेवारी दिईएको । निज निर्वाचन अधिकृतबाट निर्वाचनको सम्पुर्ण नियमानुसारको प्रकृया पुरा गरी सम्पन्न गरिएको निर्वाचनबाट मैदी ९ , धादिङ्ग स्थायी ठेगाना भई हाल कीर्तिपुर-२, काठमाडौं** निवासी श्री **बिष्णु प्रसाद त्रिपाठी निर्वाचित हुनु** भएको जानकारी प्राप्त भयो । सभाले सोही अनुसार निर्वाचित **कीर्तिपुर-२, काठमाडौं** निवासी श्री **बिष्णु प्रसाद त्रिपाठी**लाई सर्वसाधारण शेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाको संचालक पदमा नियुक्त गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

(६) **विषय सूची –(आ) (१) : नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७९/८० सम्मको मुनाफाबाट चुक्ता पूँजी** रु.१,२९,०४,९५,५००/-को १२.३५९९% ले हुने रकम रु.१५,९५,०४,५००/- **(अक्षरेपी पन्ध्र करोड पन्चानब्बे लाख चार हजार पाँच सय रुपैया मात्र)** बराबरको १५ लाख ९५ हजार ४५ **कित्ता बोनस शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी जारी गर्ने सम्बन्धमा ।**

नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७९/८० सम्मको मुनाफाबाट चुक्ता पूँजी रु. १,२९,०४,९५,५००/-को १२.३५९९% ले हुने रकम रु.१५,९५,०४,५००/-(**अक्षरेपी पन्ध्र करोड पन्चानब्बे लाख चार हजार पाँच सय रुपैया मात्र**) बराबरको १५ लाख ९५ हजार ४५ कित्ता **बोनस शेयर** शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी जारी गर्ने विशेष प्रस्ताव सभापतिज्यूले स्वीकृतिको लागि सभामा पेश गर्नुभएकोमा स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

(७) **विषय सूची– (आ) (२) : हालको जारी तथा चुक्ता पूँजी रु. १,२९,०४,९५,५००/- को १२.३५९९% ले हुने रकम रु.१५,९५,०४,५००/- (अक्षरेपी पन्ध्र करोड पन्चानब्बे लाख चार हजार पाँच सय रुपैया मात्र) बराबरको १५ लाख ९५ हजार ४५ कित्ता बोनस शेयर जारी गरेर जारी तथा चुक्ता पुँजी रु. १,४५,००,००,०००/-कायम गर्ने सम्बन्धमा ।**

उपरोक्त बमोजिम हालको जारी तथा चुक्ता पूँजी रु. १,२९,०४,९५,५००/-को १२.३५९९% ले हुने रकम रु.१५,९५,०४,५००/- (**अक्षरेपी पन्ध्र करोड पन्चानब्बे लाख चार हजार पाँच सय रुपैया मात्र**) बराबरको १५ लाख ९५ हजार ४५ कित्ता **बोनस शेयर**जारी गरी जारी तथा चुक्ता पूँजी रु. **१,४५,००,००,०००/-** कायम गर्ने विशेष प्रस्ताव सभापतिज्यूले स्वीकृतिको लागि सभामा पेश गर्नुभएकोमा स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

(८) **विषय सूची– (आ) (३) : प्रबन्धपत्रको ५(ख) (जारी पूँजी), र ५(ग) (चुक्ता पूँजी) संलग्न तीन महले अनुसूची १ अनुसारले हुने गरी संशोधन गर्ने सम्बन्धमा ।**

उपरोक्त बमोजिम संस्थाको प्रबन्धपत्रको दफा ५(ख) र ५(ग)मा संलग्न **अनुसूची १** अनुसारले हुने गरी संशोधन गर्ने प्रस्तावित संशोधन पारित गर्नको लागि सभामा विशेष प्रस्ताव सभापतिज्यूले स्वीकृतिको लागि सभामा पेश गर्नुभएकोमा स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

(९) **विषय सूची – (आ) (४) : प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

प्रबन्धपत्र तथा नियमावलीमा यस साधारण सभाले गरेको उपरोक्त संशोधनमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि.लगायतका नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न

संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रदान गर्ने विषेश प्रस्ताव सभापतिज्यूद्वारा सभामा पेश गरिएकोमा सबै शेयरधनी महानुभावहरुको सहमति रहेकोले सभाबाट स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

(१०) **विषय सूची –(आ) (७) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (merger/acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।**

यस वित्तिय संस्थाले अन्य ईजाजतपत्र प्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (merger/acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने विषेश प्रस्ताव सभापतिज्यूद्वारा सभामा पेश गर्न उपस्थित शेयरधनी महानुभावहरुले सर्वसम्मतिले सहमति प्रदान गरेको र उक्त विषेश प्रस्तावमा सबै शेयरधनी महानुभावहरुको सहमति रहेकोले सभाबाट स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

(११) धन्यवाद ज्ञापन

शेयरधनी महानुभावहरुले आफ्नो अमूल्य समय दिई सभामा उपस्थित भई छलफलमा सक्रियरुपले सहभागी हुनुका साथै आवश्यक मार्ग निर्देशन गर्नुभएकोमा सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्षज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

(१२) सभा विसर्जन

छलफलका लागि अन्य कुनै विषय नरहेकोले सभापतिज्यूको आज्ञाबाट अपरान्ह ४:०० बजे विधिपूर्वक सभा विसर्जन भयो ।

गोविन्द चापागाई
कम्पनी सचिव

डा. सुमित्रा मानन्धर गुरुङ्ग
अध्यक्ष

# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड

को

प्रबन्धपत्र संशोधन सम्बन्धी विवरण, २०८०

**दफा ५ (ख) र (ग)**

**५. वित्तीय संस्थाको पुंजीको संरचना :**

वित्तीय संस्थाको पुँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(ख) वित्तीय संस्थाको जारी पुँजी रु. १,४५,००,००,०००/-(अक्षरेपी एक अरब पैतालिस करोड मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रू. १००/- दरका १,४५,००,००० (एक करोड पैतालिस लाख)थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

(ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. १,४५,००,००,०००/- (अक्षरेपी एक अरब पैतालिस करोड मात्र) हुनेछ ।

अनुसूची १

# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड

को

## प्रबन्धपत्रको ५(ख) र (ग)को संशोधन सम्बन्धी विवरण, २०८०

| क.सं. | दफा | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|---|
| १. | ५. (ख) र (ग) | ख) वित्तीय संस्थाको जारी पुँजी रु. १,२९,०४,९५,५००/- (अक्षरेपी एक अरब उन्तीस करोड चार लाख पन्चानब्बे हजार पाँच सय मात्र) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रू. १००/-दरका १,२९,०४,९५५ (एक करोड उन्तीस लाख चारहजार नौ सय पचपन्न)थान साधारण शेयरमा विभाजन गरिएकोछ ।<br><br>(ग)वित्तीय संस्थाको चुक्ता पुँजी रु. १,२९,०४,९५,५००/- (अक्षरेपी एक अरब उन्तीस करोड चार लाख पन्चानब्बे हजार पाँच सय मात्र) हुनेछ । | ख) वित्तीय संस्थाको जारी पुँजी रु. १,४५,००,००,०००/- (अक्षरेपी एक अरब पैतालिस करोड मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रू. १००/- दरका १,४५,००,००० (एक करोड पैतालिस लाख) थान साधारण शेयरमा बिभाजन गरिएकोछ ।<br><br>(ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. १,४५,००,००,०००/- (अक्षरेपी एक अरब पैतालिस करोड मात्र) हुनेछ । | बोनस शेयर जारी गरे पश्चात पुँजी वृद्धि हुने भएकोले । |